**नेपाली / *NEPALI***

अक्टोबर ६, २०२६

## *UW–Madison* ले २०२७ सालको तलब रणनीति कार्यान्वयन गर्ने

विश्वविद्यालयको तलब बजारमा प्रतिस्पर्धामा कायम राख्न अनि उच्च स्तरमा काम गर्ने संकाय तथा कर्मचारीहरूलाई पुरस्कृत गर्नका लागि *University of Wisconsin–Madison* को नेतृत्वले यस आर्थिक वर्षमा $१२.५ मिलियन डलरको कोष पारित गरेको छ। यस कोष थोरै तलब पाउने कर्मचारीहरूको तलब बढाउन र तलब भिन्नता (*compression*) र असमानता (*parity*) का समस्याहरूको सम्बोधन गर्नका लागि पनि तोकिनेछ। तलब भिन्नता तब देखिन्छ जब कर्मचारीहरूको ज्ञान, सीप, अनुभव र क्षमताहरू बीच स्पष्ट भिन्नता हुन्छ तर तलबमा थोरै मात्र भिन्नता हुन्छ। असमानताका चिन्ता हरू तब देखिन्छन् जब एउटै कार्यपदमा हुने उस्तै तालिम, अनुभव र जिम्मेवारीहरू भएका कर्मचारीहरूलाई फरक तलब दिइन्छ।

केन्द्रीय तलब कोष योग्य संकाय, शैक्षिक कर्मचारी, विश्वविद्यालय कर्मचारी तथा *limited appointee* हरूको तलब आधार बढाउनका लागि $७.५ मिलियन डलरका साथसाथै बाँकी $५ मिलियन डलर कर्मचारीको कामको बोनसका लागि छुट्टाइएको छ। यी केन्द्रीय तलब कोषहरू जुलाई २०२६ मा लागू गरिएको *Universities of Wisconsin* कर्मचारीहरूको तलब वृद्धिको पूरकको रूपमा काम गर्नेछन्।

तलब समायोजन नोभेम्बर २९, २०२६ बाट लागू हुन्छन्। सबै कामका बोनसहरू डिसेम्बर २०२६ भित्रमा प्रदान गरिनेछ।